"विकास र सुशासन चन्द्रनगर गाउँपालिकाको आधार, कृषि, पर्यटन र मत्सयपालन"

# चन्द्रनगर गाउँपालिकाका उपाध्यक्ष श्री वीणा देवी साहज्यूबाट नवौं गाउँसभाको पहिलो बैठकमा प्रस्तुत

## आर्थिक बर्ष २०७८/७९ को

# चन्द्रनगर गाउँपालिकाको नीति तथा कार्यक्रम

चन्द्रनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही

प्रदेश नं. २, नेपाल

२०७८ असार १०

**चन्द्रनगर गाउँपालिकाको**
**गरिमामय नवौं गाउँसभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

१. कोभिड-१९ (कोरोना भाइरस) महामारीको कारण उत्पन्न भएको विषम परिस्थितिमा आज चन्द्रनगर गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय नवौं गाउँसभामा आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उभिएको छु । यस घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र बलिदानबाट हालसम्म प्राप्त भएका उपलब्धिहरुको रक्षा गर्दै विद्यमान गरिबी, पछौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस गाउँपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ । यस क्रममा चन्द्रनगर गाउँपालिकाको विकास र उन्नतिको कामना गर्ने सबै अग्रजहरुलाई स्मरण गर्न चाहन्छु ।

३. कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताव्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ। नेपालमा यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट नेपालमा समेत धेरै जनाको ज्यान गएको छ । यस महामारीबाट संक्रमित भई ज्यान गुमाउने चन्दनगरबासीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै तिनका शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड-१९ को संक्रमणमा परी उपचाररत सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । सङ्क्रमण थप फैलिन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढि सर्तकता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

४. कोभिड-१९ को व्यवस्थापनको क्रममा यस गाउँपालिकालाई नगद, राहत, स्वास्थ्य सामाग्री तथा अन्य सहयोग उपलब्ध गराउनु हुने सबै व्यक्ति, जनप्रतिनिधिज्यू, संघसंस्था तथा राजनैतिक दलहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

५. जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु। साथै यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण जनप्रतिनिधि एवम् सामाजिक संघसंस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी, अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ-संस्थालाई समेत धन्यवाद दिन चाहन्छु । कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि यस गाउँपालिकाले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

६. मैले चन्द्रनगर गाउँपालिकाको पाचौ बर्षको लागि नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा कोरोनाबाट गाउँपालिकाबासीको जीवन रक्षा गर्ने र सेवा प्रवाह, विकास निर्माण एवम् अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध गरेको छु । विगत चार बर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोभिड-१९ महामारीका कारण धक्का लागेको छ । शताब्दीकै यस विषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, संघ संस्था र आम गाउँपालिकाबासीको सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौतीको सामना गर्न सकिन्छ भन्ने चन्द्रनगर गाउँपालिकाको दृढ विश्वास छ ।

७. आगामी आर्थिक बर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै चन्द्रनगरवासीको जीवन

रक्षा गर्ने, भविष्यप्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी मैले बजेट तर्जुमा गरेको छु ।

८. दशकौं लामो संघर्ष र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धि एवं स्थिरताले सिर्जना गरेको चन्द्रनगरबासीको आशा, भरोसा र आफ्नै जीवनकालमा समृद्धि देख्न र अनुभूति गर्न पाइन्छ भन्ने आत्मविश्वास नै हाम्रो लागि उर्जा हो । यसैको जगमा विगतमा पहिलो चरणको कोभिड-१९ को महामारी, बाढी तथा डुबान लगायतका विपद्बाट माथि उठ्न सकेको तथ्य समेतका आधारमा संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्दै हामी फेरी उठ्न सक्छौं र छिट्टै उठ्छौं भन्ने विश्वासका साथ आगामी आर्थिक बर्षको बजेट तर्जुमा गरेको छु ।

**सभा अध्यक्षज्यू,**

९. अब म गत आर्थिक बर्ष २०७६/७७ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रुपमा प्रकाश पार्न चाहन्छु । आर्थिक वर्ष २०७६/७७ को अन्तिम लेखापरीक्षण सम्पन्न भईसकेको छ । लेखापरीक्षण प्रतिवेदन अनुसार गत आर्थिक वर्षमा आन्तरिक आय, संघिय सरकारबाट प्राप्त समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान तथा प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, धरौटी, विभिन्न कोष समेत कुल यथार्थ आय रु. ५६ करोड ८० लाख ५७ हजार ५३ रुपैया र पैसा ३७ रहेको छ भने सो आय रकम बाट रु. ३६ करोड २ लाख ९७ हजार ९ सय ३४ रुपैया र पैसा ३३ खर्च भई रु. २० करोड ७७ लाख ५९ हजार १ सय १९ रुपैया र पैसा ४ बैंक मौज्दात रहेको थियो ।

१०. अब म चालु आर्थिक बर्ष २०७७/७८ जेठ मसान्तसम्मको आर्थिक स्थितिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँपालिकामा सेवा प्रवाहको स्तर वृद्धि तथा विकास निर्माणले लिएको तीव्र गति कोभिड-१९ महामारीको कारणले केही खुम्चिने देखिन्छ । गत आर्थिक बर्ष झै यस आर्थिक वर्षमा पनि कोभिड-१९ महामारीको कारण मूलतः पूँजीगत खर्च र राजस्व परिचालन दुवै प्रभावित भएका छन् । आन्तरिक आयको संकुचन तथा संघीय सरकार र प्रदेश सरकारबाट प्रतिबद्धता जनाएका सम्पूर्ण बजेट प्राप्त नहुने स्थितिले खर्चको दायित्व भुक्तानी गर्न चाप पर्ने स्थिति छ ।

चालु आर्थिक बर्ष २०७७/७८ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक बर्षको लागि रु. ५८ करोड ३९ लाख ७७ हजार ८ सय १० रुपैया आय र व्यय अनुमान गरिएकोमा चालु आ.व. को जेष्ठ मसान्त सम्म सशर्त र निसर्त गरी कुल २३ करोड २६ लाख ५ हजार ५५ रुपैया र पैसा ४० (३९.८३ प्रतिशत) खर्च भएको छ । जसमध्ये चालु तर्फ रु. ११ करोड १ लाख ९ हजार १ सय ६३ रुपैया र पैसा ४४ (४२.४३ प्रतिशत) र पुंजीगत तर्फ रु. १२ करोड २४ लाख ९५ हजार ८ सय ९१ रुपैया र पैसा ९६ (३७.७५ प्रतिशत) खर्च भएको छ । त्यसतै, चालु आ.व. मा आन्तरिक श्रोत तर्फ रु. २ करोड २ लाख राजश्व संकलन गर्ने अनुमान गरिएकोमा हालसम्म रु. १ करोड २२ लाख मात्र राजश्व संकलन भएको व्यहोरा जानकारी गराउन चाहन्छु । क्षेत्रगत शिर्षक अनुसारको विनियोजन तथा खर्चको साराशं देहाय वमोजिम रहेको छ ।

## क्षेत्रगत विनियोजन तथा खर्चको साराशं

**रु. हजारमा**

| आ.व. : २०७७/७८ महिना : सबै अवधी : २०७७/०४/०१-२०७८/०२/३१ | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** | **मौज्दात** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०,२७,२५,००० | १,३२,११,९१३.८६ | १२.८६ | ८,९५,१३,०८६.१४ |
| २ | सामाजिक विकास | १८,६८,७१,००० | ६,३२,९६,५०६.९४ | ३३.८६ | १२,३५,७४,४९३.०६ |
| ३ | पूर्वाधार विकास | २०,३७,३१,००० | १०,६९,५०,९७४.५४ | ५२.५ | ९,६७,८०,०२५.४६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८४,९६,००० | २२,०५,८१० | २५.९६ | ६२,९०,१९० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२१,५४,८१० | ४,६९,३९,८५०.०६ | ५७.१४ | ३,५२,१४,९५९.९४ |
| | **कुल जम्मा** | **५८,३९,७७,८१०** | **२३,२६,०५,०५५.४०** | **३९.८३** | **३५,१३,७२,७५४.६०** |

११. गाउँपालिका स्थापना भएदेखि विकासको पहिलो कडिको रुपमा रहेको सडक निर्माणमा कालोपत्रे सडक ५,७११ मिटर, ३१२ मिटर पक्कि नाला, १३,७६५ मिटर सडक ढलान, १२,०४६ मिटर सडक ग्राभेल तथा मर्मत सम्भार, ९ कि.मि. नयाँ सडक निर्माण, अधुरो तथा नयाँ गरी १६ वटा धर्मशाला निर्माण, २१ वटा पक्की कल्भर्ट तथा होमपाईप कल्भर्ट निर्माण, अध्वारा खोलामा झोलुङ्गे पुल निर्माण भएका छन् । धर्म, संस्कृति जगेर्नाको लागि १८ ओटा मन्दिर तथा मदरसा निर्माण गरिएको छ । गाउँपालिका भित्र पर्यटकिय क्षेत्र विकासको लागि नाढीमन तालमा हालसम्म १५० मिटर कम्पाउण्ड वाल निर्माण भएको छ भने आधुनिक चिल्ड्रेन पार्क निर्माणाधिन रहेको छ । आजको समयमा शिक्षाको महत्वलाई ध्यानमा राखी ५ वटा विद्यालय भवन निर्माण गरिएको, चन्द्रनगर पोलिटेक्निक इन्िष्टच्यूट स्थापना तथा संचालन, शिक्षित बेटी, वालिग पुतोह कार्यक्रम संम्पन्न भएका छन् साथै अबको दिनमा पनि शिक्षा क्षेत्रको बिकासमा हाम्रो ध्यान जाने कुरामा विश्वास दिलाउन चाहन्छु । अहिलेको असहज परिस्थितिको बीच पनि कार्यालयबाट वडा नं. ६ स्थित स्वास्थ्य चौकी चन्द्रनगरमा १५ शैयाको अस्पताल निर्माणको टेण्डर प्रकृया शुरु भएको गरिएको छ । स्वास्थ्य चौकी नभएका ३ वटा वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण भईरहेको छ । सार्वजनिक स्थलमा सोलार वत्ति जडान गर्ने कार्य, कृषि विद्युतिकरणको कार्य, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ६ वटा र गाउँपालिकाबाट पनि ६ वटा गरी जम्मा १२ वटा विद्यालयहरुमा विद्यालय भवन निर्माण तथा मर्मत सम्भारको गर्ने कार्य, बबरगंजमा डिप वोरिङ्ग जडान कार्य तथा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गतका योजना कार्यहरु संचालन भईरहेको छ । चालु आ.व. देखि सवै वडाहरुबाट व्यक्तिगत घटना दर्ता तथा राजश्व संकलन अनलाइन प्रणालीबाट हुने व्यवस्था मिलाईएको छ । जसबाट हाम्रो चन्द्रनगर गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग गर्न सफल भएका छौं । अनलाइन प्रणालीमा संकलित राजश्व गाउँपालिकाको केन्द्रबाट हेर्न मिल्ने व्यवस्था गरिएको छ । सम्पूर्ण सामाजिक सुरक्षा भत्ताहरु वैकिङ्ग प्रणालीबाट मात्र वितरण गर्ने व्यवस्था मिलाइएको छ । त्यस्तै सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, आधारभुत तथा माध्यमिक शिक्षा विकास, युवा तथा खेलकुद विकास कार्यक्रम, स्वास्थ्य सेवा प्रबर्द्धन, कृषि विकास कार्यक्रम तथा पशु सेवा प्रबर्द्धन, सहकारी प्रबर्द्धन, महिला तथा बालबालिका विकास, सीप तथा रोजगारी प्रबर्द्धन, सामाजिक विकास, सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरु सञ्चालित रहेका छन् ।

१२. ४७.५ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित ३५००५ जनसंख्या भएको चन्द्रनगर गाउँपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, पर्यटन, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र, स्वास्थ्य, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा चन्द्रनगर गाउँपालिका तुलनात्मक रुपमा पछाडि देखिएकोले यी क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ ।

**सभा अध्यक्षज्यू,**

१३. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :

**नीतिगत आधारः**

- नेपालको संविधान, २०७२

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीयतहको वार्षिक योजनातथा बजेट तर्जुमादिग्दर्शन, २०७४ (परिमार्जित)
- संघीय सरकारको आवधिक योजना
- संघीय सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट
- प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट
- यस गाउँपालिकाको चालु वर्षको वार्षिक नीति तथा कार्यक्रम
- अन्य प्रचलित ऐन, नियम, कार्यविधिहरु
- स्थानीय तह निर्वाचनका बखत जनतामाँझ गरिएका बाचाहरु, जनाईएका प्रतिबद्धताहरु
- आम जनतासँग विभिन्न समयमा गरिएका औपचारिक अनौपचारिक छलफलका क्रममा प्राप्त सुझावहरु

**प्रकृयागत आधारः**

- पूर्व योजना तर्जुमा तयारी गोष्ठी
- विषयगत समितिहरुमा छलफल
- बजेट सिमा निर्धारण
- टोल, बस्ती स्तरीय योजना संकलन
- वडा स्तरीय योजना तर्जुमा तथा प्राथमिकीकरण गोष्ठी
- तत्कालिक आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशिल योजना तर्जुमा ढाँचाको प्रयोग
- बजेट तर्जुमा समितिको छलफल तथा सिफारिश
- कार्यपालिका बैठकको निर्णय
- गाउँसभामा पेश, छलफल, संशोधन पश्चात पारित

१४. अब म आगामी आर्थिक बर्ष २०७८/७९ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन् :

- कोभिड-१९ को संक्रमण लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासलाई निरन्तरता दिने,
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी गाउँपालिकाबासीको आवश्यक्ता परिपूर्ति गरी समृद्धि हासिल गर्ने,
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रबर्द्धन गरी "**विकास र सुशासन चन्द्रनगर गाउँपालिकाको आधार, कृषि, पर्यटन र मत्सयपालन**" भन्ने मूलनारालाई साकार पार्न योगदान गर्ने ।

१५. बजेटका उदेश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :

१. कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार एवं भविष्यमा आउन सक्ने यस प्रकारको महामारी विरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउदै स्वास्थ्य पूर्वाधार विकास, जनशक्तिको क्षमता अभिवृद्धि र स्वास्थ्य वीमाको विस्तार
२. शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार
३. शैक्षिक कृयाकलापहरुलाई सुरक्षित हिसावले सुचारु राख्न आवश्यक व्यवस्था
४. सामुदायिक विद्यालयहरुको क्षमता विस्तार गर्ने तथा कम्तिमा एउटा आधुनिक पुस्तकालयको व्यवस्था
५. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने विषय
६. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्र
७. उद्यमशीलताको विकास, रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण

८. स्थानीय सहभागिता जुटने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने भौतिक पूर्वाधार विकास, सडक सञ्जाल तथा सामाजिक विकास

९. स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड

१०. पर्यटन पूर्वाधारको विस्तार तथा सम्पूर्ण पर्यटन क्षेत्रको पुनरुत्थान प्रवर्धनका आयोजनाहरु

११. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

१२. दिगो विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने

१३. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

१४. आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने

१५. गरिवी निवारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरी रोजगारी प्रबर्द्धन गर्ने

१६. चन्द्रनगर गाउँपालिकाको मौलिकता, ऐतिहासिक तथा साँस्कृतिक धरोहरहरुको संरक्षण, स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन

१७. समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु

१८. लैंगिक समानता, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विषयहरु

१९. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान

२०. संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता प्रवर्द्धन

**सभा अध्यक्षज्यू, अव म आगामी आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रमको मुल भागमा प्रवेश गर्न चाहन्छु।**

१६. कोभिड-१९ महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्यूनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवं उपकरण र दक्ष चिकित्सक एवं स्वास्थ्यकर्मीको सेवा विस्तार गर्न उच्च प्राथमिकता दिईनेछ। औषधी, लगायतका स्वास्थ्य सामग्रीको सहज आपूर्ति तथा वितरण व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१७. कोभिड-१९ को दोस्रो लहर तथा तेस्रो लहरलाइ मध्यनजर गर्दै समुदाय स्तरमै विस्तार हुन सक्ने खतरा न्यूनिकरण गर्न क्वारेन्टाईन, होल्डिङ्ग सेन्टर, जनशक्ति, औषधी उपकरण आदिको प्रयाप्त र भरपर्दो व्यवस्था गरिनेछ। कोभिड-१९ सक्रमणको प्रभावकारी परिक्षण तथा समुदायस्तरमा परिक्षणको लागि एन्टिजेटन किट व्यवस्थापनको लागि नेपाल सरकार तथा प्रदेश सरकारससंग समन्वय गरिनेछ।

१८. कोभिड-१९ को महामारी नियन्त्रणको लागि प्रभावकारी मानिएको खोप (भ्याक्सिन) सम्पूर्ण चन्द्रनगरबासीलाई उपलव्ध गराउन नेपाल सरकार तथा प्रदेश सरकारसँग पहल गरिनेछ। खोप खरिद गर्नुपर्ने भएमा गाउँपालिकामा रहेको स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट व्यवस्थापन गरिनेछ।

१९. कोभिड-१९ को तेस्रो लहरको जोखिम कम गर्न विद्यालय तथा समुदायमा सरोकार पक्षहरुसँगको समन्वयमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न "**कोभिड-१९ विशेष सचेतना कार्यक्रम**" संचालन गरिनेछ।

२०. कोरोना रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी खर्च व्यवस्थापनको लागि यस गाउँपालिका कार्यालयको मातहतमा रहेको "**स्थानीय तह प्रकोप व्यवस्थापन कोष**" मा रकम थप गरी कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

२१. गाउँपालिका अन्तर्गत संचालित बर्थिङ सेन्टरहरुको क्षमता अभिवृद्धि गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ । यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई गुणस्तरिय सेवा प्रदान गर्न सक्षम स्वास्थ्य संस्था बनाउदै लगिनेछ ।

२२. गाउँपालिकाबासीको पहुँच सुदृढ स्वास्थ्य सेवाका अतिरिक्त स्वच्छ र सन्तुलित आहार, शारीरिक व्यायाम, सरसफाई सहितको स्वस्थ जीवनशैली अवलम्बन गर्न "**निरोगी चन्द्रनगर गाउँपालिका**" अभियानलाई निरन्तरता दिइनेछ ।

२३. महिला स्वास्थ्य स्वयंसेविका समेतको परिचालन गरि सरसफाई, स्वास्थ्य सचेतना र स्वास्थ्य बिमाको अभियान चलाइनेछ ।

२४. बहुक्षेत्रीय पोषण योजनाको मुलप्रवाहीकरणका लागि स्थानिय तहको नेतृत्व तथा साझेदारीमा गर्भवती महिला, सुत्केरी महिला, वालवालिका तथा किशोरीहरुको पोषणमा सुधार ल्याउनका लागि एकीकृत रुपमा पोषणसंग सम्वन्धित कार्यक्रमहरु संचालनमा निरन्तरता दिईनेछ । यस अन्तर्गत पोषण तथा खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्न आधुनिक दिगो कृषि प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ । पोषण मैत्री स्थानिय तह वनाउनका लागि निरन्तररुपमा परिणाममुखी कार्यक्रम गरिनेछ ।

२५. कोभिड-१९ महामारीको कारण बालबालिकालाई जोगाउन तथा लकडाउनको कारणले विद्यालयको पठन पाठन बन्द भएको अवस्था रहेको छ । बालबालिकाको शैक्षिक भविष्यलाई मध्यनजर गरी प्रविधिको प्रयोग गरी बैकल्पिक माध्यमबाट पढाउने व्यवस्था मिलाउन शिक्षकहरूको क्षमता अभिवृद्दि गरी विद्यालयमा अनलाइन पद्धति मार्फत् शिक्षण सिकाइका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्था गरिनेछ ।

२६. चन्द्रनगर गाउँपालिकाका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि सबै विद्यालयहरुलाई पर्याप्त पूर्वाधार सहितको सुविधा सम्पन्न विद्यालयको रुपमा क्रमशः विकास गरिदै लगिनेछ । विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान, घेराबार, दिवाखाजा, खेलकुद, छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण, प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालनलाइ निरन्तरता दिइनेछ ।

२७. बालबालिकाको आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चितताका लागि चन्द्रनगर गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना हुने व्यवस्थाका लागि सरोकारवाला सबै पक्षको सहभागितामा "**विद्यालय भर्ना अभियान**" संचालन गरिनेछ ।

२८. विद्यालय शिक्षा अध्ययन गर्नबाट बञ्चित भएका अति विपन्न, असहाय एवम् विपन्न जनजाती, दलित, एकल महिला, द्वन्द पिडित परिवारका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२९. गाउँपालिकामा रहेका ३ वटा माध्यमिक विद्यालयलाई सुविधा सम्पन्न बनाउने कार्यलाई प्राथमिकता दिई ३ वटै विद्यालयको भौतिक पूर्वाधार तथा भवन निर्माण आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

३०. गाउँपालिका क्षेत्रका विद्यालयहरुमा बाल क्लबहरुको स्थापना गरिने कार्यको थालनी गरिनेछ । बाल क्लबहरुको सहकार्यमा बालश्रम शोषण र बालविबाह जस्ता बाल अधिकार हनन हुने कार्य निरुत्साहित गर्न र बालबालिकाको शारीरिक र मानसिक विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. विद्यालयमा दरवन्दी मिलान पश्चात रिक्त पदमा शिक्षक पदपूर्तिको लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहल गरी यथाशिघ्र रिक्त शिक्षकहरुको पदपूर्तिको व्यवस्था गरिनेछ ।

३२. विद्यालयहरुको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाईने छ। विद्यालयमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिई "**सूचना प्रविधियुक्त बिद्यालय; सिर्जनशील र प्रतिभाशाली विद्यार्थी**" भन्ने मान्यतालाई स्थापित गरिने कार्यलाई निरन्तरता दिईनेछ।

३३. गाउँपालिका भित्रका सामूदायिक विद्यालय र शिक्षकलाई तोकिएको मापदण्ड भित्र रही उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गरिनेछ। प्रधानाध्यापक र शिक्षकबाट कमजोर कर्तव्यपालना तथा पठन पाठन कार्यमा हेलचेर्क्याईका कारण कमजोर नतिजाहरु भएमा सम्बन्धित प्रधानाध्यापक र शिक्षकलाई नियमानुसारको कारबाही गर्ने नीति कडाईका साथ लागू गरिनेछ।

३४. आर्थिक विकास र गरिबी निवारणमा योगदान पुऱ्याउने खालका उद्यम, उद्यमशिलता विकास, औद्योगिक जनशक्ति विकास तथा स्वरोजगारमूलक र क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ। युवाहरूलाई प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गरी दक्ष जनशक्ती तयार गरिनेछ। दिक्षित जनशक्तिलाई उद्योग तथा व्यवसाय गर्न प्रोत्साहित गरिनेछ।

३५. विश्वव्यापि महामारी र विश्व अर्थतन्त्र शिथिल भएका कारण विदेशबाट घर फर्कनेको संख्या समेतलाई दृष्टिगत गरी रोजगारीका लागि थप अवसर खोल्न "**एक वडा, एक उत्पादन**" स्थापना गर्न आवश्यक कार्यक्रम अगाडि बढाइनेछ। स्थानीय स्रोत, साधन र सिपमा आधारित बिभिन्न उद्यमहरुलाई प्रवर्द्धन गरी कोभिड-१९ महामारीको कारणबाट बेरोजगार भएका जनशक्तिलाई निजी क्षेत्रसँगको सहकार्यमा रोजगारीका अवसर उपलब्ध गराउन पहल गरिनेछ। यसमा धेरै भन्दा धेरै संख्यामा रोजगारी सृजना गर्न सक्ने उद्यम व्यवसायलाई प्राथमिकता दिइनेछ।

३६. बेरोजगारको लगत संकलन गर्ने एवं वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउनको लागि संचालनमा रहेको **सुरक्षित अप्रवासन परियोजना** (**SaMi**) कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३७. वन पैदावारमा आधारित उद्यम, कृषि, वन नर्सरी स्थापना तथा वृक्षारोपणलाई प्रोत्साहित गरी रोजगारीको थप अवसर सिर्जना गरिने कार्यलाई निरन्तरता दिइनेछ।

३८. कोभिड-१९ महामारीका कारण ग्रामीणमुखी हुन थालेको जनजीवन र वैदेशिक रोजगारीबाट युवाहरु फर्कने अवस्थालाई अवसरको रुपमा लिई कृषि कार्य गर्न चाहनेको भूमिमा पहुँच सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ। जमीन भाडामा लिई कृषि उत्पादन गर्नेलाई प्रोत्साहन स्वरुप कृषि सामग्रीमा सहुलियत दिइनेछ।

३९. गरिब, विपन्न, शैक्षिक बेरोजगार र वैदेशिक रोजगार अवरुद्ध भएका युवालाई सहकारी संस्था मार्फत साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

४०. आगामी आर्थिक वर्षमा सार्वजानिक स्थल, सडक, धार्मिक स्थल, सामुदायिक भवन, विद्यालयहरुमा वृक्षारोपन गर्ने तथा प्रत्येक घरधुरीमा फलफुलको विरुवा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४१. हाट बजार सञ्चालन, कृषि बजार निर्माण, प्रदर्शनी, मेला जस्ता आर्थिक गतिविधि बढाउँदै जनताको समृद्धि बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४२. कृषि पेशाबाट आयमा बृद्धि गर्न तथा रोजगारी सिर्जना गर्न व्यवसायिक कृषि प्रणालीलाई आधुनिकिकरण गरी श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरणमा सहयोग तथा सहकार्य गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४३. मासु उत्पादनलाई व्यवसायिक बनाउन उन्नत नश्ल, उन्नत दाना, पशु स्वास्थ्य उपचार सेवा र प्रविधि सम्बन्धी आवश्यक ज्ञान सिप कृषकहरूमा हस्तान्तरण गरिनेछ।

४४. कृषि तथा पशुपालनका लागि आवश्यक विउविजन, खोप तथा औषधीहरुलाई सहज रुपमा उपलब्ध हुने व्यवस्था तथा प्राविधिक परामर्श र सेवाका लागि थप प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ । यस गाउँपालिका क्षेत्रमा माछापालन गर्ने कृषकहरुको संख्या अत्याधिक रहेकोले मत्सय सेवा/समूहको प्राविधिक कर्मचारी व्यवस्था गरिनेछ ।

४५. कृषिलाई सम्मानित पेशाको रूपमा स्थापना गर्न हरेक क्षेत्रमा उत्कृष्ट कृषक तथा संस्थालाई प्रोत्साहन गर्दै नमुना कृषकको रूपमा सम्मान-प्रोत्साहन गर्दै लगिनेछ । नवीन तथा दिगो कृषि प्रविधिहरु अवलम्बन गरी समुदायमा अनुकरणीय काम गर्ने किसानहरुलाई सम्मान गर्ने र सम्मानित किसानहरुलाई श्रोत व्यक्तिको रुपमा परिचालन गर्ने नीति लिईनेछ ।

४६. खेतीयोग्य जमिनको अधिकतम उपयोग गरी कृषि पेशाबाट आय वृद्धि गर्न सामूहिक खेतीपातीको लागि प्रोत्साहित गरिनेछ । त्यस्ता समूहलाइ आवश्यक प्रविधि, ज्ञान, तालीम तथा अनुदानको व्यवस्था गरिनेछ ।

४७. दुध, फलफुल र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुने गरी भविष्यमा पकेट क्षेत्रको रुपमा विकास गर्न गाई/भैसींपालन अनुदान, फलफुल खेती अनुदान, बाख्रा पालन, कुखुरा पालन तथा बंगुर पालन अनुदान, माछा पालन अनुदान दिने कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ ।

४८. यस आर्थिक वर्षमा गाउँपालिकाबाट भैसी, गाई, बाख्रा पालनका लागि अनुदान उपलब्ध गराइएको कृषकका गाई, भैसी, र बाख्राको पशु बिमा गर्नको लागि एक वर्षको वीमा प्रिमियम अनुदान उपलब्ध गराईनेछ ।

४९. विकासको पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन आन्तरिक आर्थिक गतिविधि विस्तार, ग्रामीण उत्पादनलाई बजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजीकरण गर्न सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

५०. गाउँपालिकाको स्वीकृत गाउँ यातायात गुरुयोजना, २०७५ बमोजिम गाउँपालिकाको केन्द्र देखि वडा केन्द्रसम्म, वडा केन्द्र देखि प्रत्येक वस्तीसम्म जोड्ने सबै सडकहरु तथा उत्पादनसँग जोडिएका कृषि सडकहरुको स्तरोन्नति गरी सहजरुपमा यातायातका साधनहरु चल्न सक्ने बनाउने कार्यलाई निरन्तरता दिइनेछ । हरित सडक निर्माणका लागि सडकको दायाँबायाँ वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।

५१. गाउँपालिकाको केन्द्रलाई व्यवस्थित गर्न चक्रपथ निर्माणको लागि तयार गरिएको चन्द्रनगर गाउँपालिकाको रिङ्गरोड सम्भावना अध्ययन प्रतिवेदन, २०७५ बमोजिम गाउँपालिकामा रिङ्गरोड निर्माण कार्यलाई प्राथमिकताको साथ अघि बढाईनेछ । सो कार्यको लागि आवश्यक बजेट व्यवस्थापनको लागि नेपाल सरकार तथा प्रदेश सरकारलाई लागत सहभागिताको लागि अनुरोध गरिनेछ ।

५२. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गाको व्यवस्थापन र भवन निर्माण तथा भवन नभएका वडा कार्यालयहरूको भवन निर्माणलाई प्राथमिकता दिईनेछ ।

५३. चन्द्रनगरवासीको आवश्यकतालाई महसुस गर्दै प्रत्येक वडा तथा वस्तीहरुमा सामुहिक, धार्मिककार्यहरु गर्न निर्माण पश्चात समुदायबाट सञ्चालन हुने गरी सामुदायिक भवन (धर्मशाला) निर्माणलाई निरन्तरता दिईनेछ ।

५४. गाउँपालिका भित्रका सबै निर्मित भवनहरुको अभिलेखीकरण गर्ने, नयाँ निर्माण हुने भवनहरुको नक्सा पास गर्ने कार्यलाई बाध्यात्मक बनाउने, सबै घरहरुको नम्बर कायम गरी बसोबासलाई व्यवस्थित बस्ती विकास गरिने नीति लिइनेछ ।

५५. गाउँपालिकामा रहेको नाढीताललाई पार्क, वनभोज स्थल तथा पर्यटकिय क्षेत्र बनाउन आवश्यक पूर्वाधारहरु निर्माण गरी समुदायबाट सचालन हुने व्यवस्था मिलाइनेछ । आगामी आ.व.मा निर्माणाधिन रहेको आधुनिक चिल्ड्रेन पार्क निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ ।

५६. गाउँपालिकाको श्रोत साधनले सम्भव नहुने गौरवका योजनाहरुलाई संघीय सरकार, तथा प्रदेश सरकारमा वजेट अनुदानको लागि सिफारिस गरी पठाइनेछ ।

५७. गाउँपालिका भित्र हुने जुनसुकै निर्माण कार्यहरु गर्दा किफायती, सुरक्षित, गुणस्तरीय र दिगो पूर्वाधार संरचना निर्माणलाई विशेष प्राथमिकता दिईनेछ । गुणस्तरीय निर्माणको लागि आवश्यक ज्ञान, सिप तथा दक्षता अभिवृद्धिको लागि प्राविधिक जनशक्तिको व्यावसायिक दक्षता अभिबृद्धि गरिनेछ ।

५८. सम्मूर्ण गाउँपालिकाबासीले पिउन प्रयोग गरिरहेको खानेपानीको गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईनेछ । साथै स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्ने उद्देश्य लिई निर्माणाधिन रहेका खानेपानी आयोजनाहरुको निर्माण कार्यमा विशेष ध्यान दिइनेछ ।

५९. गाउँपालिका भित्रको सम्पूर्ण जमिनहरुमा सिंचाई सुविधा पुऱ्याउन सवै वडाहरुमा कृषि विद्युतीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । त्यसैगरी आवश्यकता अनुसार अन्य सिंचाइ सुविधा वञ्चित जमिनहरुमा डिप वोरिङ्ग जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६०. सिंचाईको लागि यस गाउँपालिका क्षेत्र भित्र निर्माण सम्पन्न भएका र सन्चालनमा रहेका नहर, कुलोहरुको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत मर्मत सम्भार गरी कृषकहरुलाई सिंचाइको सुविधा प्रदान गरिनेछ ।

६१. संघीय सरकारबाट संचालित सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत यस गाउँपालिका भित्र गरिवीको रेखामुनि रहेका, दैवि प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतको सामाग्री खरिदको लागि सहुलियत उपलब्ध गराइने नीति लिइनेछ । पराल वा खरको छानालाइ क्रमशः जस्तापाताको छाना बनाउदै लगिनेछ ।

६२. सामाजिक न्याय कायम गर्न सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाईनेछ । संघीय सरकारको सामाजिक सुरक्षा कार्यक्रमबाट कोही पनि लाभग्राही बञ्चित नहुने गरी प्रभावकारी रुपमा "**सामाजिक सुरक्षा कार्यक्रम**" सञ्चालन गरिनेछ ।

६३. विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयसम्म पहुँच नपुगेका विपन्न महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, बालबालिका लगायतका वर्गलाई लक्षित गरी ऐन/कानुन सम्बन्धी सचेतना अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

६४. आर्थिक रुपले विपन्न ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षणमा विशेष ध्यान दिईनेछ ।

६५. जेष्ठ नागरिकहरु समाजका अग्रज हुन । समाजमा जेष्ठ नागरिकहरुले पुऱ्याएको योगदानलाई कदर गर्दै "**जेष्ठ नागरिक सम्मान तथा अनुभव आदान प्रदान कार्यक्रम**" संचालन गरिनेछ ।

६६. न्यायिक समितिको न्याय सम्पादनलाई प्रभावकारी बनाउन तथा मेलमिलापकर्ताहरुबाट हुने विवाद निरुपणलाई प्रभावकारी बनाउन न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

६७. महिला विरुद्ध हुने सबै किसिमका सामाजिक भेदभाव, शोषण र हिंसा अन्त्य गरिनेछ । बालविवाह, बहुविवाह, जातीय छुवाछुत, अनमेल विवाह, सामाजिक कुप्रथा, कुसंस्कार, अन्याय, विभेद र अन्धविश्वास अन्त्य गर्न गैरसरकारी तथा सामुदायिक क्षेत्र समेतको सहभागितामा सामाजिक जागरण, साँस्कृतिक सुधार र सचेतना अभियानका कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

६८. गाउँपालिकामा रहेको लैगिक हिसा निवारण कोषमा रकम थप गरी पीडित तथा प्रभावितको तत्काल उद्धार गर्न, औषधी उपचार गर्न, कानूनी सहायता, मनौवैज्ञानिक उपचार, पुर्नस्थापना लगायतका कार्य गर्न कार्यविधि वमोजिम रकम उपलब्ध गराईनेछ ।

६९. महिलाहरुको सशक्तीकरण र नेतृत्व विकासको लागि आयमुलक, शिपमुलक तालिमहरु संचालन गर्न "**महिला सशक्तीकरण र नेतृत्व विकास कार्यक्रम**" संचालन गरिनेछ ।

७०. गाउँपालिकाबाट संचालित "**शिक्षित बेटीःबालिग पुतोह, स्वच्छ आ समुन्नत गाउँपालिका अभियान**" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. गाउँपालिका भित्रका सबै कार्यालयहरूको भौतिक पूर्वाधारलाई क्रमश अपाङ्गमैत्री बनाइदै लगिनेछ । अपाङ्गता भएका व्यक्तिको मनोबल बढाउन शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक गतिविधिमा सम्मानजनक पहुँच स्थापित गरिनेछ ।

७२. विभिन्न धर्म, भाषा, साहित्य, कला, संस्कृति, रहनसहन, भेषभुषालाई चन्द्रनगर गाउँपालिकाको सम्पत्तिको रुपमा जगेर्ना एवं सम्मान गर्दै मूल प्रवाहीकरण गरिनेछ । विभिन्न जातजातिका मौलिकताहरुको संरक्षण, सम्वर्द्धन र विकास गरी यसलाई पर्यटनसंग जोडिनेछ ।

७३. युवाहरुलाई लक्षित गरी लागू औषध, कुलत विरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका भित्र खेलकुद पर्यटनको विकासका लागि खेलकुद पूर्वाधार विकास, गौचरण वजारमा रहेको खेलकुद मैदानको भौतिक पूर्वाधार निर्माण तथा विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

७४. फोहोर तथा कृषि उत्पादनबाट खेर गएका वस्तुहरुबाट कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ । चन्द्रनगर गाउँपालिकाको फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक निजी संघसंस्थासंग सहकार्य गरिनेछ ।

७५. गैर-सरकारी संघ-संस्थाहरु संग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ । गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाको बजेटमा अनिवार्य रुपमा समावेश गर्ने नीति लिईनेछ । गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गर्ने तथा कार्यक्षेत्रमा दोहोरोपन (Overlapping) नहुनेगरी समन्वय गरिनेछ ।

७६. बजेट, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयनमा सबै वर्ग, लिंग, समुदायको न्यायपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

७७. चन्द्रनगर गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सहज र प्रविधिमैत्री बनाइनेछ। गाउँपालिकाको गतिविधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको आधिकारिक वेवसाईट, सामाजिक संजाल तथा स्थानीय संचार माध्यमबाट प्रशारण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७८. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधाको सुनिश्चित गर्नका लागि "**कर्मचारी कल्याण कोष**" सञ्चालन कार्यविधि निर्माण गरी कोषमा आवश्यक रकम जम्मा गरिनेछ। स्वास्थ्य जोखिमको विद्यमान अवस्थामा आफ्नो कार्यस्थलमा अहोरात्र खटिई जिम्मेवारी पूरा गर्ने चन्द्रनगर गाउँपालिकाका सबै कर्मचारीको योगदानको उच्च मूल्यांकन गर्दै प्रोत्साहनको व्यवस्था गरिनेछ।

७९. गाउँ कार्यपालिकाको कार्यालयलाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक उपयुक्त संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकार एवं प्रदेश सरकारसँग समन्वय गरिनेछ।

८०. चन्द्रनगर गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक थप कानूनहरु शीघ्र निर्माण गरिनेछ। यस गाउँपालिकाबाट कानूनहरु तर्जुमा नहुन्जेलसम्म नेपाल सरकार र प्रदेश सरकारबाट जारी भएका सम्बन्धित क्षेत्रका कानूनी व्यवस्थाहरुलाई नै आधारको रुपमा लिईनेछ।

८१. विकास निर्माणका काममा जारी गरिने टेन्डर प्रणालीलाई छरितो पारदर्शी र यथार्थपरक बनाउन विज्ञहरुको सहयोग लिइनेछ। साथै, कामको गुणस्तर परिक्षण गरी यथासमयमा भुक्तानी हुने प्रवन्ध मिलाइनेछ।

८२. विकास निर्माणमा स्थानीय जनताको अपनत्व कायम गर्न प्रत्येक वस्तीमा "**टोल विकास संस्था**" गठन गरी स्थानीय सडकहरुको नियमित सरसफाई सानातिना मर्मत सम्भार लगायत पूर्वाधार संरक्षण र सामाजिक विकास कार्यमा सक्रिय बनाइने कार्यलाई निरन्तरता दिइनेछ।

८३. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन सूचना प्रविधिको उच्चतम प्रयोगलाई प्रोत्साहन गरिनेछ। गाउँपालिकामा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई लागू गरिनेछ। सूचना प्रविधिमैत्री गाउँपालिका बनाउन योजनाबद्ध विकासको अध्ययन कार्य गरिनेछ।

८४. गाउँपालिका भए गरेका कार्यहरूको बारेमा आमनागरिकलाई सूसुचित गराउने तथा नागरिकका पिरमर्का सम्बोधन गर्न प्रत्येक वडाबाट "**सार्वजनिक सुनुवाइ कार्यक्रम**" संचालन गरिनेछ।

८५. गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वको बृद्धिको लागि सम्भावित क्षेत्रहरुको खोजी गरिनेछ। गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गरी प्रगतीशील कर प्रणाली लागू गरिनेछ। जनताबीच सेवा प्रवाह र कर राजस्वको महत्वको बारेमा जागरणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। सम्पत्ति कर लागू गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ। गाउँपालिका र अन्तरगत निकायबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासगं आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईनेछ।

८६. सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदातामैत्री बनाइनेछ। उद्योगी, व्यवसायीसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याईनेछ। बार्षिक रु. २५ हजारभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ।

८७. नक्सा पास नभई बनेका घरहरुलाई व्यवस्थित गर्न केहि समयको लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरुको नक्सा पास गराउने नीति अबलम्बन गरिनेछ।

८८. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न बार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट गाउँ कार्यपालिकाको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

८९. आन्तरिक आयमा आउने संकुचन र खर्चमा पर्न आउने थप चापलाई व्यवस्थापन गर्न आगामी बर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।

९०. स्थानीय राजश्व परामर्श समितिले पेश गरेको **राजश्व परामर्श समितिको प्रतिवेदन, २०७८** मा औल्याईएका सुझावहरु कार्यान्वयन गरिनेछ ।

**सभा अध्यक्षज्यू,**

९१. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न अनुमानित खर्च तथा खर्च व्यहोर्ने श्रोत देहाय वमोजिम रहेको छः

**चन्द्रनगर गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यावय

**चन्द्रनगर, सर्लाही**

## आ.व. २०७८/७९ को अनुमानित आय तथा व्ययको सारांश

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | रकम रू. | क्र.सं. | शिर्षक | रकम रू. |
| १ | **आन्तरिक श्रोत** | १४९८१३८७ | १ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ७३६१५००० |
| २ | **संघीय सरकारबाट प्राप्त** | | २ | चालु कार्यक्रम खर्च | २०००००००० |
| | वित्तीय सामान्यीकरण अनुदान | ११६९००००० | ३ | गाउंपालिका स्तरीय योजना | २६१००००० |
| | राजश्व बाडफाड | ७६०२६००० | ४ | वडस्तरीय योजना | ४२०००००० |
| | सशर्त अनुदान चालु | ११६४००००० | ५ | विषयगत कार्यक्रम | २०३८५००० |
| | सशर्त अनुदान पूंजिगत | ११९०००००० | ६ | समपुरक कोष | २०००००००० |
| | विशेष अनुदान | ४२००००० | ७ | संघीय समपुरक अनुदानमा साझेदारी | २६४००००० |
| | समपुरक अनुदान | २६४००००० | ८ | संघीय समपुरक अनुदान | २६४००००० |
| ३ | **प्रदेश सरकारबाट प्राप्त** | | ९ | सशर्त अनुदान चालु | ११६४००००० |
| | वित्तीय सामान्यीकरण अनुदान | ७८८८००० | १० | सशर्त अनुदान पूंजिगत | ११९०००००० |
| | सवारी साधन करको बांडफांड | २७०४६१३ | ११ | संघीय विशेष अनुदान | ४२००००० |
| | सशर्त अनुदान | | १२ | प्रदेश विशेष अनुदान | ३०००००० |
| | विशेष अनुदान | ३०००००० | १३ | प्रदेश समपुरक अनुदान | २०००००० |
| | समपुरक अनुदान | २०००००० | | गत आ.व.को क्रमागत योजना | ८०००००० |
| ४ | **वैंक मौज्दात बाट** | ९०००००० | | | |
| | **कूल आय** | **४७२४०००००** | | **कूल व्यय** | **४७२४०००००** |
| **४७ करोड २४ लाख** | | | **४७ करोड २४ लाख** | | |
| **चालु तर्फ विनियोजन (सशर्त तथा निशर्त) - ४८.७७ प्रतिशत** | | | | | **२३०४०००००** |
| **पूंजिगत तर्फ विनियोजन (सशर्त तथा निशर्त) - ५१.२३ प्रतिशत** | | | | | **२४२०००००००** |

**सभा अध्यक्षज्यू,**

९२. मैले प्रस्तुत गरेको आगामी आर्थिक बर्ष २०७८/७९ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट संक्रामक लगायत सबै प्रकारका रोगबाट नागरिकको जीवन रक्षा गर्न स्वस्थ्य प्रणाली सुदृढ र सबल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगारी सुनिश्चित हुने र सबै चन्द्रनगरबासीले गाउँपालिकाबाट सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने व्यस्थाबाट समुन्नत, सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

९३. आगामी आर्थिक बर्ष तत्काल प्रतिफल दिने र एक बर्ष भित्र सम्पन्न हुने आयोजना एवं निर्माणाधीन अधुरा आयोजनाको कार्यान्वयनमा तीव्रता आउने, रणनीतिक महत्वका आर्थिक, सामाजिक र भौतिक पूर्वाधार आयोजनाको निर्माण कार्य अघि बढ्ने र सेवा क्षेत्र विस्तारित हुने अपेक्षा गरेको छु ।

९४. कोरोना महामारीको प्रभाव सामान्य हुनासाथ सेवा प्रवाह र विकास निर्माण कार्यको गतिले तीव्रता लिने आत्मविश्वासको साथ नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरेको छु । कोरोनाको संक्रमणले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नागरिक एकजुट भई सुखद भविष्य निर्माणका लागि उत्साहका साथ अघि बढ्न यस बजेटले प्रेरित गर्ने विश्वास लिएको छु । सबै राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, निजी क्षेत्र तथा नागरिक समाजलाई यो उदेश्य प्राप्तितर्फ सहकार्यको लागि आव्हान गर्दछु ।

९५. प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग दर्शन, सुभाव तथा सहयोग गर्नु हुने यस क्षेत्रका माननीय प्रतिनिधि सभा सदस्यज्यू, माननीय प्रदेश सभा सदस्यज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, सम्पूण राजनीतिक दलका प्रतिनीधिज्यूहरु, स्थानीय बुद्धिजीविहरु, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु लगायतका सवै प्रति हार्दिक आभार प्रकट गदै वजेटको सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास समेत व्यक्त गर्दछु ।

**धन्यवाद ।**

<u>**प्रस्तुत गर्नेः**</u>
वीणा देवी साह
उपाध्यक्ष
चन्द्रनगर गाउँपालिका
मितिः २०७८/०३/१० गते